राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १६४ | २०८२ फाल्गुन १५ गते शुक्रवार | (Friday, 27 Feb., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

सीमावर्ती नागरिकको पीडा

## सीमाका समस्या सधैं उपेक्षामा, चुनावी एजेण्डामा पर्दैनन्



शैलेन्द्र महतो

*जनकपुरधाम, फाल्गुन १४ गते ।*

सीमापारीको बजारबाट सस्तोमा उपभोग्य सामग्री ल्याउन पाउँदा जलेश्वरका सन्तोष कुमार शर्मा जति खुसी छन्, खुला सीमाका कारण हुने अपराधजन्य गतिविधीले उनी उतिसारो चिन्तित पनि देखिन्छन् ।

सहजै हुने घुसपैठ र भाडाका अपराधीहरू प्रयोग गरेर हुने अपराजजन्य क्रियाकलापले उनलाई त्रसित बनाउँछ । 'खुला सीमा छ, कसैसँग रिसइबी वा दुस्मनी भए भारतबाट अपराधी आएर घटना घटाउँछन् र फेरि उतै भाग्छन्,' भिठामोड बजारबाट फर्किरहेका उनले भने, 'सीमा सुरक्षा कडा बनाउनु पर्छ ।'

बेला-बेला सीमा क्षेत्रमा अपराधजन्य घटना भइरहन्छन् । अपराधी सहजै सीमापार गरेपछि बल्ल प्रहरीले घटना बारे थाह पाउँछन् । अनि अपराधीहरूको हुलिया थाह पाएपछि पक्राउ गर्न कठिनाइ पर्छ । हालसालै मधेशमा भएका तीनवटा अपराधका घटना सीमा वारपार हुने घुसपैठका पछिल्ला उदाहरण हुन् ।

३ फागुनको साँझ सर्लाहीको पूर्वाधार कार्यालयका सब-इन्जिनियर प्रमोद यादवको मलंगवा नगरपालिका-१० स्थित आफ्नै डेरा अगाडि गोली प्रहार गरी हत्या भएको थियो । सर्लाही प्रहरीका प्रवक्ता डीएसपी सरोज राईका अनुसार अहिलेसम्म यस घटनाका दोषी पत्ता लाग्न सकेका छैनन् ।

गत २४ माघमा औरही गाउँपालिका-१ पौडेसरमा सडकछेउ कनपटीमा गोली लागेर हत्या गरिएको अवस्थामा अन्दाजी २५ वर्षीया महिलाको शव फेला परेको थियो । अहिलेसम्म न शवको पहिचान खुलेको छ, न दोषी पत्ता लागेको छ । धनुषाका प्रहरी प्रवक्ता डीएसपी गणेश बम भारततर्फबाट नै व्यक्ति र सुटर आएर हत्या गरेको हुन सक्ने अनुमान गर्छन् ।

१६ माघको दिउँसो करिब ३ बजे सिरहा नगरपालिका-१ का ४० वर्षीय प्रेमनाथ यादवको हत्या भयो । त्यतिबेला उनले ट्याक्टरले खेत जोतिरहेका थिए । उक्त घटनामा पनि अहिलेसम्म शंकास्पद व्यक्ति पक्राउ परेका छैनन् । नजिकै सीमा रहेकाले उनीहरू पारी भागेको हुन सक्ने प्रहरीको अनुमान छ ।

सर्लाही, धनुषा र सिरहामा भएका गोली प्रहार जस्ता जघन्य घटनाका अपराधी अझैसम्म पक्राउ पर्न सकेका छैनन् । खुला सीमाका कारण भारतबाट भित्रिने लागूऔषधले युवाहरू कुलतमा फस्दै गएका छन् ।

भारतको बिहारमा मदिरा बिक्री-वितरण निषेध भएकाले नेपाली भूमिको सीमा क्षेत्रमा मदिरा भट्टीहरू प्रशस्त छन् । मदिरा सेवन गर्न आउने र यतै विभिन्न घटनामा संलग्न हुने विषयले बेला-बेला चर्चा बटुल्छ र केही समयमा त्यो विषय हराउँछ । तर त्यसले सीमावासीलाई लामो समयसम्म सशंकित बनाउँछ र पिरोल्छ ।

अपराध बाहेक सीमावर्ती क्षेत्रका बासिन्दाहरुले अरु हैरानी पनि खेप्नुपर्छ । घरायसी प्रयोजनका सामग्री ल्याउँदा वा आवत-जावत गर्दा नागरिकले सशस्त्र प्रहरी बल र कहिलेकाहीँ भारतीय एसएसबीका जवानबाट ज्यादती र दुर्व्यवहार खेप्नुपर्छ ।

विकासको दृष्टिकोणले पनि सीमा क्षेत्रका गाउँहरू बेवास्तामा परेका छन् । 'यहाँ सडक राम्रो छैन, खेतीपातीका लागि सिचाइँ सुविधा आवश्यक छ,' जलेश्वरका नागेन्द्र साह भन्छन् ।

भिठामोडमै दशगजाको नेपाली भूमिमै दशक अगाडि बनाउन खोजेको गेट अलपत्र छ । सीमामै भेटिएको सशस्त्र प्रहरीका एक अधिकृतका अनुसार, अधुरो गेट निर्माण सुरु

- बाँकी पृष्ठ ३ मा

## धनुषामा एक युवकको हत्या



द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, फाल्गुन १४ गते ।*

धनुषामा एक युवकको धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ । हंसपुर नगरपालिका वडा नं. ९ रुदौली बस्ने अन्दाजी १८ वर्षीय सुमित मण्डलमाथि धारिलो हतियार प्रहार हुँदा मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेशबहादुर बमले जानकारी दिए । उनका अनुसार युवकको घाँटीमा धारिलो हतियार प्रहार भएको छ । प्रवक्ता बलले यो घटना बुधबार रातिदेखि बिहिबार बिहानसम्मको हुन सक्ने बताए । मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल पठाइएको तथा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सव-इन्जिनियर हत्यामा संलग्न आरोपमा एकजना पक्राउ

द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, फाल्गुन १४ गते ।*

सर्लाहीको पूर्वाधार विकास कार्यालयमा कार्यरत सब-इन्जिनियर प्रमोद कुमार यादवको हत्या प्रकरणमा संलग्न रहेको आशंकामा प्रहरीले एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको रामगोपालपुर नगरपालिका निवासी गणेश महतो रहेका छन् । स्रोतका अनुसार उनलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीको टोलीले भारतबाट पक्राउ गरी नेपाल ल्याएको हो । उच्च स्रोतका अनुसार महतोले भारतीय सुटर प्रयोग गरी हत्या गराइएको आशंका गरिएको छ ।

गत फाल्गुन ३ गते सर्लाहीको मलंगवा नगरपालिका-१० मा रहेको डेराको प्यासेजमा गोली हानी सब-इन्जिनियर यादवको हत्या गरिएको थियो ।

स्रोतका अनुसार पक्राउ परेका महतो यादवसँगैको लोकसेवाका वैकल्पिक उम्मेदवारसमेत रहेका थिए । साथै उनी सर्लाहीकै एक स्थानीय तहमा करार सेवामा कार्यरत रहेको पनि बुझिएको छ। स्रोतको अनुसार यादवको हत्यापछि आफ्नो नाम अघि बनाउने र सरकारी जागिरका लागि मुख्य दाबेरदार हुने लोभमा उनको हत्या गराइएको बुझिएको छ । प्रहरीले बुधबार अदालतबाट महतोमाथि अनुसन्धानका लागि १५ दिनको म्याद थप लिएको जनाएको छ ।

## महोत्तरीमा अवैध सामग्रीसहित अटो र मोटरसाइकल नियन्त्रणमा

द पब्लिक टुडे समाचारदाता

*गौशाला, फाल्गुन १४ गते ।*



महोत्तरी प्रहरीले ठुलो परिमाणमा अवैध भन्सार सामग्री बरामद गर्दै तस्करीमा प्रयोग भएका चारवटा सवारी साधन नियन्त्रणमा लिएको छ । जलेश्वर नगरपालिका वडा नं. १२ स्थित सडकखण्डबाट साढे ६ लाख रुपैयाँ मूल्य बराबरको सामग्रीसहित अटो र तीनवटा मोटरसाइकल नियन्त्रणमा लिइएको हो । जिल्ला प्रहरी

- बाँकी पृष्ठ ३ मा

मतदान किन गर्ने ?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
- योग्य जनप्रतिनिधिको छनौट गर्न।
- नागरिक कर्तव्य निर्वाह गर्न।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड

# द पब्लिक टुडे

राष्ट्रिय दैनिक

The Public Today

National Daily


'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'

'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'

– सन्त 'व्यथित'

## सम्पादकिय............

# रोजगारी सिर्जना र चुनौती

नेपालमा रोजगारी सिर्जनाको प्रश्न दिनानुदिन जटिल बन्दै गएको छ ।हरेक वर्ष करिब पाँच लाख युवा श्रम बजारमा प्रवेश गर्छन्, तर सीमित अवसरका कारण थोरैले मात्र स्वदेशमै काम पाउँछन् । बाँकी युवाशक्ति रोजगारीको खोजीमा विदेशिन बाध्य हुनु राष्ट्रका लागि दीर्घकालीन चुनौती हो । यसले व्यक्तिगत भविष्य मात्र होइन, समग्र आर्थिक संरचनामाथि नै प्रश्न खडा गरेको छ ।

आज ग्रामीण बस्तीका खेतबारी बाँझा छन्, उत्पादनशील उमेरका युवा विदेश उडिरहेका छन्।गाउँमा वृद्धवृद्धा र बालबालिकाको मात्र उपस्थिति र विमानस्थलमा युवाको लाम देखिनु विडम्बनापूर्ण यथार्थ हो।विप्रेषणले अर्थतन्त्र धानेको भए पनि उत्पादन, सीप र नवप्रवर्तनमा आधारित अर्थतन्त्र नबनाएसम्म दिगो समृद्धि सम्भव छैन ।

अब आवश्यकता केवल संख्यात्मक रोजगारी वृद्धि होइन,गुणस्तरीय र दिगो अवसर सिर्जना हो । कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, साना तथा मझौला उद्योग,सूचना प्रविधि र हरित ऊर्जामा प्रशस्त सम्भावना छन् । तर स्पष्ट नीति, लगानी, प्रविधि र बजार व्यवस्थापन अभावमा ती सम्भावना परिणाममा रुपान्तरित हुन सकेका छैनन् । स्थानीय स्रोत र परम्परागत सीपलाई आधुनिक प्रविधिसंग जोड्न सकिए गाउँमै सम्मानजनक आम्दानी सम्भव छ ।

शिक्षा प्रणालीलाई श्रम बजारसंग समन्वय गर्नुपर्ने टड्कारो आवश्यकता छ । प्रमाणपत्रमुखी होइन, सीपमूलक र उद्यमशीलता अभिमुख शिक्षा समयको माग हो । युवालाई रोजगार खोज्नेभन्दा सिर्जना गर्ने दिशामा अभिप्रेरित गर्न सहुलियत कर्जा, प्राविधिक परामर्श र बजार पहुँच सुनिश्चित गरिनुपर्छ । रोजगारी र युवापलायनको समाधानलाई राष्ट्रिय प्राथमिकताको केन्द्रमा राख्दै परिणाममुखी कार्ययोजना कार्यान्वयन गर्नु आजको अनिवार्यता हो । यही बाटो समृद्ध नेपालको आधार बन्न सक्छ ।

### जेन्जी आन्दोलनबारे बीबीसीको रिपोर्ट :

# तत्कालीन आईजीपीको आदेशले विद्यालय पोसाकमै प्रदर्शनकारी मारिए

बीबीसी

*काठमाडौं, फाल्गुन १४ गते ।*

नेपालका पूर्व प्रहरी प्रमुख चन्द्रकुवेर खापुङले हजारौं निहत्था युवा प्रदर्शनकारीहरूमाथि घातक हतियार प्रयोग गर्न आदेश दिएको बीबीसीको एक अनुसन्धानले खुलाएको छ ।

गत वर्ष सेप्टेम्बर ८ मा राजधानी काठमाडौंमा मारिएका १९ जनामध्ये विद्यालयको पोसाक लगाएका एक किशोर पनि थिए, जो भीडबाट टाढा जाँदै गर्दा उनको टाउकोको पछाडि गोली लागेको थियो । यस घटनामा अन्य दर्जनौं घाइते भएका थिए ।

राजनीतिक भ्रष्टाचारलाई लिएर हप्तौंदेखि गुम्सिएको आक्रोशपछि भएको जेनजी प्रदर्शनका घटनाहरूले थप आन्दोलनको रूप लियो, जसले गर्दा भोलिपल्टै नेपालका प्रधानमन्त्रीको राजीनामा र सरकार पतन भयो ।

बीबीसी वर्ल्ड सर्भिसको टोलीले सेप्टेम्बर ८ का घटनाहरूको विवरण भएको प्रहरीको आन्तरिक कागजात फेला पारेको छ। जसमा 'पिटर १' कल साइन प्रयोग गर्ने व्यक्तिले कर्फ्यू लागू भएको १० मिनेटपछि, र फिल्डमा रहेका अधिकारीहरूले घातक हतियार प्रयोग गर्न बारम्बार अनुमति मागेपछि आफ्ना अधिकारीहरूलाई 'आवश्यक बल प्रयोग गर्न' आदेश दिएको खुलासा भएको छ । बीबीसी आई इन्भेस्टिगेशन्सलाई स्रोतले बताएअनुसार 'पिटर १' नेपालका पूर्व प्रहरी महानिरीक्षक खापुङले प्रयोग गर्ने कल साइन थियो। खापुङले आफूले आदेश दिएको कुरालाई अस्वीकार गरेका छैनन्, तर नेपाल प्रहरीले भने सरकारी सुरक्षा समितिको स्वीकृतिपछि र नेपाली कानुनबमोजिम अन्य सबै प्रकारका बल प्रयोग गरिसकेपछि मात्र यस्तो आदेश दिइएको बताएको छ ।

नोभेम्बरमा अवकाश प्राप्त गरेका खापुङले यसबारे प्रतिक्रिया माग्दा जवाफ नदिएको बीबीसीले उल्लेख गरेको छ । बीबीसीले परीक्षण गरेको भिडियो प्रमाणले १९ जना पीडितमध्ये सबैभन्दा कान्छा १७ वर्षीय श्रीयम चौलागाईं निहत्था रहेको र मृत्यु हुनुअघि शान्तिपूर्ण रूपमा घटनास्थलबाट बाहिरिने प्रयास गरिरहेको देखाउँछ ।

भदौ २३ का घटनाहरूको अहिले सार्वजनिक छानबिन भइरहेको छ, जसको प्रतिवेदन आउन बाँकी छ । हालसम्म कसैलाई पनि जिम्मेवार ठहऱ्याइएको छैन र आगामी फागुन २१ मा आम निर्वाचन हुने तय भएको छ ।

**पृष्ठभूमिः युवा आक्रोश र जेनजीको परिचालन**

नेपाल एक किशोरवयको लोकतन्त्र हो । १० वर्षसम्म चलेको र १७,००० भन्दा बढी मानिसको ज्यान गएको गृहयुद्धपछि सन् २००८ मा यो गणतन्त्र बनेको थियो । नयाँ संविधानले नयाँ सुरुवातको वाचा गरेको एक दशकपछि पनि धेरै युवाहरू ती आशाहरू पूरा नभएको बताउँछन् । केही अनुमानका अनुसार, करिब पाँचमध्ये एक नेपाली युवा बेरोजगार छन् ।



यसको धेरैजसो निराशा अनलाइनमार्फत व्यक्त गरिएको छ, विशेष गरी १४ देखि २९ वर्ष उमेर समूहका जेनजी बीच । गत अगस्टमा, जेन जेड अभियन्ताहरूले सामाजिक सञ्जालमा सम्भ्रान्त वर्गका विशेषाधिकार प्राप्त सन्तानलाई लक्षित गर्दै 'नेपो बेबी' जस्ता शब्दहरू प्रयोग गर्न थाले । सेप्टेम्बर ४ मा, सरकारले फेसबुक, युट्युब, इन्स्टाग्राम र एक्स लगायत केही प्लेटफर्महरूमा प्रतिबन्ध लगायो । त्यसपछि अभियन्ताहरू गेमिङ च्याट प्लेटफर्म 'डिस्कोर्ड' मा सरे, जुन सङ्गठित हुने मुख्य केन्द्र बन्यो । त्यहीँ 'युथ अगेन्स्ट करप्सन' (भ्रष्टाचार विरुद्धका युवाहरू) फोरममा सदस्यहरूले सेप्टेम्बर ८ मा संसदबाहिर प्रदर्शन गर्ने योजना बनाएका थिए ।

**श्रीयमको कथा**

श्रीयम चौलागाईंकी आमा उनी प्रदर्शनमा गएको चाहँदिन थिइन् । 'मैले उसलाई भाग नलिन् भनेकी थिएँ । आन्दोलनमा जे पनि हुन सक्छ,' उनले बीबीसीलाई बताइन् । तर श्रीयम राजनीतिप्रति गहिरो चासो राख्थे । श्रीयमले आफ्नी आमालाई प्रदर्शनकारीहरू युवा र स्कुलको पोसाकमा हुने भएकाले उनीहरूलाई तारो नबनाइने भन्दै आश्वस्त पारेका थिए ।

**रक्तपातपूर्ण अवस्थामा पुऱ्याउने ती घण्टाहरू (सेप्टेम्बर ८ को टाइमलाइन)**

- *०९:००: काठमाडौंको मुख्य चोक माइतीघर मण्डलामा युवाहरू भेला हुन थाले । संसदबाट केही सय मिटर टाढा ब्यारिकेड (अवरोध) राखिएको थियो । अनलाइन खबरका सम्पादक बसन्त बस्नेतका अनुसार सुरक्षा अधिकारीहरूले 'भीडको अनुमान नै गर्न सकेनन् ।' प्रहरीले अनुमान गरेभन्दा १० गुणा बढी, करिब ३०,००० मानिसहरू प्रदर्शनमा पुगे ।*
- *११:४७: प्रदर्शनकारीहरूको एक समूहले घेराबन्दी तोड्ने बाटो फेला पाऱ्यो - आश्चर्यमा परेका प्रहरीले ब्यारिकेड छाडे । भीड अघि बढ्यो र संसदको गेटमा पुग्यो ।*
- *१२:१५: प्रदर्शनकारीहरूको एक समूहले संसद परिसरको पर्खाल तोड्यो । प्रहरीले अश्रुग्यास र लाठीचार्ज गऱ्यो । डिस्कोर्डमा आयोजकहरूले पछि हट्न आग्रह गर्दा पनि भीड पछि हटेन । भिडियो फुटेजमा श्रीयम गेटबाहिर हरियो स्कुल जम्पर र झोला बोकेको अवस्थामा 'युथ्स अगेन्स्ट करप्सन' लेखिएको ब्यानर बोकेर उभिएको देखिन्छ ।*

सिचुएसन रुमभित्र : करिब ३ किलोमिटर टाढा रहेको कमान्ड सेन्टरमा नागरिक प्रहरी, सेना, सशस्त्र प्रहरी र गुप्तचर अधिकारीहरू भेला भएका थिए । समितिको अध्यक्षता प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले गरेका थिए । अधिकारीहरूसँग संसद वरपरको सीसीटीभीको प्रत्यक्ष फिड प्राप्त गर्न स्थिर इन्टरनेट थिएन । त्यहाँ उपस्थित प्रहरीका अनुसार कुनै पनि व्यक्ति वा एकाइलाई समग्र अवस्थाको पूर्ण जानकारी थिएन ।

- *१२:३०: प्रमुख जिल्ला अधिकारीले तत्काल कर्फ्यु लगाएर प्रदर्शनलाई गैरकानुनी घोषणा गरे । प्रहरीले माइकिङ गर्दै मानिसहरूलाई घर जान आदेश दियो ।*

*- बाँकी पृष्ठ ३ मा*

## राशिफल

मेष - जस लिने सौभाग्य प्राप्त हुनेछ ।

वृष - केही चुनौती झेल्नुपर्ला ।

मिथुन - जिम्मेवारी प्राप्त हुन सक्छ ।

कर्कट - भविष्यमा उपलब्धि दिलाउनेछ ।

सिंह - आलस्य अनुभूति हुनेछ ।

कन्या - अवसर प्राप्त हुनेछ ।

तुला - अधिक खर्च हुने समय छ ।

वृश्चिक - काममा फजुल खर्च हुनेछ ।

धनु - हातपार्न केही समय लाग्नेछ ।

मकर - सन्तुलित व्यवहार गर्नुपर्ला ।

कुम्भ - व्यवसायमा फाइदा हुनेछ ।

मिन - बिहानको समय लाभदायक हुनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### महोत्तरी-०४४

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय, जलेश्वर | ५२०१९९ |
| इलाका प्रहरी कार्यलय, बर्दिवास | ५५०००६ |
| इलाका प्रहरी कार्यलय, गौशाला | ५५६१०० |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय, बर्दिवास | ५५००५५ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य कार्यालय, गौशाला एम्बुलेन्स | ९८४४२९५९७० |
| बर्दिवास अस्पताल | ५५००९० |
| डक्रस एम्बुलेन्स | ५२०१०० |
| एकीकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| डक्रस एम्बुलेन्स | ५२०१०० |
| विधुत फ्युज शाखा (जलेश्वर) | ५२००६६, ५२०१६६ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ |
| जलेश्वर अस्पताल | ५२००७० |

### धनुषा-०४१

| | |
|---|---|
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| जउनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स डक्रस | १०२ |
| जनकपुर अंचल अस्पताल | ५२००३३ |
| जानकी हेल्थ केयर एण्ड टिचिङ्ग अस्पताल | ५२३३४१ |
| रक्तसंचार (डक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| एयरपोर्ट | ५२००४४ |
| हिमालय युवा क्लव, एम्बुलेन्स | ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यलय, ढल्केवर | ५६०१०० |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाईन्स, शिवचोक | ५९०७६९ |

## महोत्तरीमा अवैध सामग्रीसहित...

कार्यालय महोत्तरीका अनुसार गोप्य सूचनाका आधारमा फागुन १३ गते राति करिब ९:०० बजे प्रहरी टोलीले चेकजाँच बढाएको थियो ।

सोही क्रममा भारतबाट अवैध रूपमा सामान ओसारपसार गर्दै गरेको चारवटा सवारी साधन पक्राउ परेको बताइएको छ ।

नियन्त्रणमा आएका सवारी साधनहरूमा ज. १ ह. २५६१ नम्बरको अटो र भारतीय नम्बर प्लेट भएका तीनवटा मोटरसाइकल (बिआर ०९ भि ७४५७, बिआर ३० एवाई ७७२२, बिआर ३० एम ०२६५) रहेका छन् ।

बरामद सामग्रीहरूको बजार मूल्य करिब ६ लाख ६७ हजार ७ सय ४० रुपैयाँ रहेको प्रहरी जनाएको छ । पक्राउ परेका सवारी साधन र सामान आवश्यक कानुनी कारबाहीका लागि जलेश्वर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

## देशभरका १६५ वटै निर्वाचन...

गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा निरन्तर सञ्चालन हुने जनाइएको छ । निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन् ।

यही फागुन ४ गतेदेखि राजनीतिक दलहरुले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुवात गरेका छन् । प्रचार प्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरुलाई निर्देशन भइसकेको छ ।

## मिथिलाञ्चलको गाउँ गाउँमा...

थालेको पिपरा गाउँपालिका-७ का सञ्चारकर्मी एवं होलैया नवीन मिश्रले बताए । जलेश्वर-९ का होलैया जीतेन्द्र सिंहले भने, “आफूहरू जोगिरा गाउनका लागि अहिले रातिको बेला घरघरबाट समूहमा जम्मा भएर परम्परा संरक्षण र पुस्तान्तरणमा जुटेका छौं ।”

जोगिराले एकआपसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुरसम्बन्ध निर्माण गर्ने भएकाले रातिको बेला गाउँका चोकचोकमा समूहमा भेला भएर जोगिरा गाउने गरेको जलेश्वर- ८ का होलैया रामबाबु चौधरीले बताए । महोत्तरीसहित नेपाल र भारतका क्षेत्रमा पर्ने सम्पूर्ण मिथिलाञ्चलका गाउँगाउँमा सुरु भएको जोगिरा गायन होली पर्वको एकदिन पहिलेको रातिसम्म गाउने परम्परा छ ।

## करिब १७ लाख किसानलाई...

गरिने जनाइएको छ । देशभर स्थानीय तहसँग समन्वय गरी वास्तविक किसान पहिचान गरेर किसानको खेती गरेको जमिनको क्षेत्रफल, उत्पादित उपजलगायत विवरणसहित एकीकृत तथ्यांक संकलन तथा अभिलेख राखिने छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले सूचीकृत किसानलाई उनीहरूको जमिनको विवरण, खेती उत्पादन तथा आम्दानीका आधारमा निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठुला किसान गरी चार प्रकारमा वर्गीकरण गरिने जनाएको छ । केन्द्रले किसानलाई सम्बन्धित स्थानीय तहमा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ । कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजार किसान रहेको जनाइएको छ । कृषि जनगणनाबाट प्राप्त किसानको सङ्ख्या केही घटबढ हुनसक्ने जनाइएको छ । कृषि जनगणनाका क्रममा जोडिएका कतिपय किसानले सो व्यवसाय छाडेको तथा केही नयाँ किसान थपिन सक्ने केन्द्रका अधिकृत सञ्जीव पण्डितले बताए ।

**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**
**९८४४०३७१९८, ९८१४८३५५४२, ९८१२०४८५६६**
thepublictoday2070@gmail.com




**मटिहानी नगरपालिका**
**धिरापुर, महोत्तरी**

## जेन्जी आन्दोलनबारे बीबीसीको...

*तर केही प्रदर्शनकारीहरूले प्रहरी युनिटलाई घेरेर इँटा र ढुङ्गा प्रहार गरे ।*

- *सोही समयतिर, संसदको गेटहाउसमा आगजनी भएको फुटेजमा देखिन्छ । लाठी, पानीको फोहोरा र रबरको गोलीले भीड तितरबितर पार्न नसकेपछि आत्तिएका अधिकारीहरूले लाइभ एम्युनिसन (गोली) प्रयोग गर्न अनुमति मागे ।*
- *१२:४०: चुहिएको प्रहरी लगअनुसार, कल साइन पिटर १ (तत्कालीन आईजीपी चन्द्रकुवेर खापुङ) ले आदेश दिए: ‘कर्फ्यु लागू भइसकेको छ । अनुमति लिन थप आवश्यक छैन । आवश्यक बल प्रयोग गर्नु ।’ (खापुङले सर्वोच्च अदालतमा जिम्मेवारी अस्वीकार गरेका छन् भने प्रजिअ रिजालले पनि आफूले गोली चलाउन अनुमति दिएको कुरालाई अस्वीकार गरेका छन्) ।*
- *१३:१५: प्रत्यक्ष गोली प्रहारबाट पहिलो मृत्यु । ३४ वर्षीय विनोद महर्जनलाई टाउकोमा चोट लागेको अवस्थामा बोकेर लगिएको भिडियोमा देखिन्छ । पछि अस्पतालमा उनको मृत्यु भयो ।*
- *१४:०९: श्रीयम (सबैभन्दा कान्छा पीडित) शान्तिपूर्ण रूपमा फ्रन्ट लाइनबाट टाढा हिँडिरहेको देखिन्छ । आफ्नो स्कुलको झोला बोकेर शान्त रूपमा ताली बजाइरहेका उनको टाउकोको पछाडि गोली लाग्छ र उनी भुइँमा खस्छन् ।*
- *१४:२१: प्रहरीले संसद परिसर भित्रबाट प्रदर्शनकारीमाथि ७ राउन्ड गोली चलाएको भिडियो प्रमाणले देखाउँछ । २४ वर्षीय योगेन्द्र न्यौपानेलाई गोली लाग्छ र उनको मृत्यु हुन्छ ।*

**पछिल्लो अवस्था र परिणाम**

- *सेप्टेम्बर ८ को हत्याबाट क्रुद्ध भएका सबै उमेरका नेपालीहरू भोलिपल्ट सडकमा उत्रिए । आन्दोलन हिंसामा परिणत भयो । प्रहरी स्टेशनहरूमा आगजनी गरियो, अधिकारीहरूमाथि आक्रमण भयो, र ३ जना प्रहरी मारिए । सरकारी भवनहरूमा आगजनी गरियो । यो अशान्तिमा कुल ७७ जनाको ज्यान गयो ।*
- *सेप्टेम्बर ९ (१४:३०): प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए र सरकार पतन भयो । रातिसम्म काठमाडौंका भवनहरू जलिरहेका थिए र थप ५० जनाको मृत्यु भएको खबर आयो ।*
- *२१:००: सेनाले नियन्त्रण लियो ।*

तत्कालीन गृहमन्त्री रमेश लेखक, पूर्व प्रधानमन्त्री ओली, खापुङ र रिजाल सबैले यस घटनाको जिम्मेवारी लिन अस्वीकार गरेका छन् । नेपाल प्रहरीले आफूहरू एकैपटक धेरै घटनाहरूको सामना गर्नुपर्ने जटिल परिस्थितिमा रहेको बताएको छ ।

यसैबीच, श्रीयमकी आमा लगायत सबै पीडितका परिवार न्यायको पर्खाइमा छन् । ‘मलाई अझै ऊ गएको जस्तो लाग्दैन, ऊ छिट्टै फर्किन्छ जस्तो लाग्छ,’ उनी भन्छिन्, ‘मलाई लाग्छ, ऊ आफ्नो स्कुलको पोसाकमै छ । ऊ आफ्नो झोला हल्लाउँदै फर्किनेछ ।’

*(बीबीसीमा प्रकाशित सुबिना श्रेष्ठ र दीपक खरेलको बीबीसी आई इन्भेस्टिगेशन्स रिपोर्ट)*

## सीमाका समस्या सधैं उपेक्षामा...

गर्दा भारतीय पक्षले अनौपचारिक रुपमा दवाव दिएर रोकेको थियो । त्यसयता गेटको काम अगाडि नै बढ्न सकेन ।

दशगजा पारी दशगजा जोडेरै भारतले भन्सार कार्यालयको पर्खाल खडा गरेका छन् ।

तर सीमासमस्या, नागरिकको सुरक्षा, विकास र सीमाको व्यवस्थापनजस्ता एजेन्डा निर्वाचनका बेला उम्मेदवारहरूको प्राथमिकतामा देखिँदैन । त्यसले सीमा क्षेत्रका नागरिकलाई खिन्न बनाएको छ ।

‘सीमामा सुरक्षा बढाउनुपर्छ, सीमा क्षेत्रका समस्याहरूलाई ध्यान दिनुपर्छ । तर नाकाबारे जनप्रतिनिधिलाई केही थाहा छैन, कुनै चासो पनि छैन,’ जलेश्वर मलिवाराका सन्तोष चौधरी दिक्दारी पोख्छन् ।

उनको भोगाइमा आउजाउ गर्दा कहिलेकाही एसएसबीहरुले असहज बनाउँछन् । त्यस विषयमा सीमावर्ती क्षेत्रका उम्मेदवार र जनप्रतिनिधिलाई वास्ता हुँदैन ।

खुल्ला सीमाका कारण अरु थुप्रै समस्याहरु छन् । स्थानीय बासिन्दाले त्यसलाई झेल्नु परेको छ । विकास निर्माणका लागि पनि सीमा क्षेत्र उपेक्षामा पर्छन् । तर सीमा व्यवस्थापन र सीमा क्षेत्रका नागरिकको सरोकारसँग सम्बन्धित मुद्दाहरु नत कुनै दल र उम्मेदवारको चुनावी एजेण्डा समेत बन्दैन ।

चुनाव र होलीका लागि भारतबाट घर फर्किरहेका महोत्तरीको बदिया बंचौरी घर भएका सन्तोष सदालाई त्यो कुराले पिरोल्छ ।

‘भारत आउजाउ गर्दा सीममा धेरै समस्या भोग्नुपर्छ । भारतमा त छिनछोर नै हुन्छ’ रोजीरोटीका लागि भारतको चेन्नइ एकवर्षपछि भिठामोड नाका हुँदै घर फर्किरहेका सन्तोषले पीडा पोखे ।

**‘चुनावी मुद्दा बन्नु पर्छ’**

नेपाल-भारत सीमा व्यवस्थापन, नीतिगत असमानता र सीमा क्षेत्रका नागरिकको जीवनयापनका सवाल पनि चुनावमा उम्मेदबारको एजेण्डा बन्नुपर्ने राजनीतिक विश्लेषक तथा मधेश मामिलाका जानकार चन्द्र किशोरको छ ।

‘सीमा अन्तर्राष्ट्रिय मुद्दा हो भन्ने बुझाइका कारण त्यसबारे दल र उम्मेदवारहरूले चुनावी एजेण्डामै समेट्दैनन्’ उनले उदाहरण दिँदै भने, ‘बिहारमा मदिरा बन्दी छ, तर नेपालतिर सीमा क्षेत्रमा खुलेआम भट्टीहरू चलिरहेका छन् । दुई देश मित्र राष्ट्र हुन् भने उताबाट सराबबन्द गरेर यता किन चल्न दिइन्छ ? यहाँका युवाहरू कुलतमा फँसिरहेका छन्, उतापट्टी लागूऔषधहरु बेचिन्छ । यो विषय किन उठ्दैन ?’

उनको बुझाइमा दुबै देशका चुनावमा सीमावर्ती नागरिकको जीविकोपार्जन, सामाजिक-आर्थिक समस्या र सीमा क्षेत्रमा देखिने जटिलताबारे गम्भीर बहस नै हुँदैन ।

‘न उताको चुनावमा बोर्डरका नागरिकको जीविकाबारे कुरा उठ्छ, न यताको चुनावमा । बोर्डरलाई कसरी एकअर्काको दृष्टिकोण साटासाट गर्ने भन्ने विषयमा न यता छलफल हुन्छ, न उता’ उनको भनाइ छ ।

सीमाको विषयलाई केवल सुरक्षाको दृष्टिले मात्र नभई नीति, शासन र व्यवस्थापनको दायरामा ल्याउनुपर्ने उनको जोड छ ।

उनी भन्छन्, ‘यो अन्तर्राष्ट्रिय मुद्दा हो भनेर क्षेत्रीय सांसदहरूले कुरै उठाउँदैनन् । अब ‘बोर्डर म्यानेजमेन्ट’ आवश्यक छ । सीमा व्यवस्थापनलाई ‘बोर्डर गभर्नेन्स’ को नीति र दृष्टिकोणले हेरिनुपर्छ ।’

**“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान**

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

**बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी**
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :**
प्रत्येक दिन बिह(
न ९ बजेदेखि साँझ ५
बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुग्यो निर्वाचन सामग्री



**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, फाल्गुन १४ गते ।*

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुगेको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लाका १६५ वटै निर्वाचन क्षेत्रमा पुगेको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा छ । आयोगबाट स्वीकृत कार्य तालिकाअनुसार व्यवस्थापकीय कार्य तालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई ७७ वटै जिल्लामा पुगेको छ । केही सामग्री भने जिल्लामै व्यवस्थापन हुनेछ । निर्वाचन अधिकृतको कार्यालयबाट भने मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने आयोगले जनाएको छ ।

स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम यही फागुन ३ गतेदेखि जारी छ । मतदाता शिक्षा फागुन १७

*- बाँकी पृष्ठ ३ मा*

# १४ वर्षपछि बल्ल बन्दै कमला पुल

## असारमा जोडिनेछ मधेसको 'लाइफलाइन'

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १४ गते ।*

मधेसको 'लाइफलाइन' मानिने हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहा जोड्ने कमला नदीको पुल निर्माण सुरु भएको डेढ दशक पुग्न लागेको छ। तर पुल समयमै सम्पन्न नहुँदा स्थानीयले सास्ती र आश्वासनबाहेक ठोस उपलब्धि पाउन सकेका छैनन् ।

२०६८ जेठ ३१ गते ठेक्का सम्झौता भएको यो पुल २०७१ मंसिरमै निर्माण सक्नुपर्ने थियो । तर १४ वर्ष बितिसक्दा पनि आयोजना अझै 'निर्माणाधीन' अवस्थामै छ । पटक-पटक म्याद थपिँदा स्थानीयको भरोसा कमजोर बन्दै गएको छ ।

निर्माण कम्पनीले आगामी असार मसान्तभित्र काम सम्पन्न गर्ने दाबी गर्दै हाल दैनिक ४०-५० कामदार परिचालन गरी फिनिसिङ तथा मर्मतको काम भइरहेको जनाएको छ । तर विगतको ढिलासुस्ती र काम अलपत्र पार्ने प्रवृत्तिका कारण स्थानीय अझै विश्वस्त हुन सकेका छैनन् ।

४ सय ६९ मिटर लामो यो पुल नबन्दा धनुषा र सिरहाका हजारौं नागरिक वर्षायाममा ज्यान जोखिममा राखेर डुङ्गा चढ्न बाध्य छन् । वैकल्पिक रूपमा कयौं किलोमिटर घुमेर पूर्व-पश्चिम राजमार्ग प्रयोग गर्नुपर्ने अवस्था छ । यो आयोजना नेपालको सार्वजनिक खरिद प्रणाली र निर्माण व्यवसायीको सुस्त कार्यशैलीको उदाहरणका रूपमा समेत



हेरिएको छ । पप्पु-लुम्बिनी जेभीले २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का लिँदा तीन वर्षभित्र काम सक्ने लक्ष्य राखिएको थियो । तर निर्माण कम्पनीको ढिलासुस्तीका कारण हालसम्म सात पटक म्याद थपिएको छ ।

निर्माण सम्पन्न हुने चरणमा पुगेकै बेला २०७८ असार १७ गतेको बाढीले पुलका दुई पिलर (जग) भासिएपछि यसको डिजाइन र गुणस्तरमाथि प्रश्न उठेको थियो । त्यसपछि गरिएको प्राविधिक अध्ययनका आधारमा सिरहातर्फका दुई स्ल्याब हटाइएको छ भने धनुषातर्फका दुई स्ल्याब यथावत राखिएका छन् । हाल सिरहातर्फको 'सब-स्ट्रक्चर' निर्माण सकिएको र 'प्लेट गडर' जडानको तयारी भइरहेको निर्माण कम्पनीको दाबी छ । भासिएको पिलरको स्थानमा नयाँ संरचना निर्माण गर्नु र गुणस्तर कायम राख्नु नै अहिलेको मुख्य चुनौती बनेको छ ।

गत ५ मंसिरमा तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्रीसमेत रहेका कुलमान घिसिङले स्थलगत अनुगमन गरी ठेकदारलाई समयमै काम सम्पन्न गर्न निर्देशन दिएका थिए । त्यसपछि निर्माण कार्यले केही गति लिएको बताइए पनि असारभित्र लक्ष्य पूरा हुन्छ कि हुँदैन भन्ने प्रश्न यथावत छ ।

हाल नदीमा अस्थायी 'डाइभर्सन' बनाएर सवारी आवागमन सञ्चालन गरिए पनि यो वर्षायामसम्मका लागि मात्रै हो । असारभित्र पुल तयार नभए पुनः वर्षायाममा यस क्षेत्रको सम्पर्क टुट्ने जोखिम रहनेछ ।

तराई-मधेसको आर्थिक गतिविधिलाई चलायमान बनाउन हुलाकी राजमार्गलाई मेरुदण्ड मानिन्छ । तर कमला पुलजस्ता महत्त्वपूर्ण आयोजनामा देखिएको लामो ढिलाइले विकास प्रक्रिया वर्षौं पछि धकेलिएको स्थानीयको गुनासो छ ।

# मिथिलाञ्चलको गाउँ गाउँमा जोगिरा सुरु

**राष्ट्रिय समाचार समिति**

*महोत्तरी, फाल्गुन १४ गते ।*

होली पर्वको आगमनसँगै मिथिलाञ्चलका गाउँ गाउँमा 'जोगिरा' (एक प्रकारको होलीको गीत) गाउन सुरु भएको छ। महोत्तरीको १० नगरपालिका र पाँच गाउँपालिकाका प्रत्येक गाउँ टोलसहित सम्पूर्ण मिथिलाञ्चलमा प्रत्येक राति ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलयायत बाजागाजाका साथ जोगिरा गाउन सुरु गरिएको हो ।

होली पर्वलाई निमन्त्रणा दिँदै प्रत्येक गाउँटोलका युवा, वृद्धा र वयस्कहरूको छुट्टाछुट्टै टोली आ-आफ्ना समूहमा विभिन्न प्रकारका जोगिरा गाउने परम्पराअनुसार यस वर्ष जोगिराबाट मनोरञ्जनसहित परम्परा संरक्षण गर्न थालिएको जलेश्वर नगरपालिका-७ का वडाध्यक्षसमेत रहनुभएका होलैया (जोगिरा गाउने) रामछविला यादवले बताए ।

विभिन्न प्रकारका लोकभाका, गीत, चुटकिला, हाँसोठट्टा र जिस्काउने तीतामिठा वाक्य र शब्दलाई लयमा ढालेर मिथिलावासीले जोगिरा गाउन थालेका बताउँदै यसले मौलिक परम्परा र संस्कृति संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको जलेश्वर-२ का विनोद मण्डलले बताए ।

होलीको अवसर पारेर जोगिरा गाउनका लागि युवाहरू देशविदेशबाट आ-आफ्ना गाउँ फर्किएका छन् भने गाउँगाउँमा जोगिराको धुनले अहिले रातभरि मनोरञ्जन प्रदान गर्न

*- बाँकी पृष्ठ ३ मा*

# करिब १७ लाख किसानलाई छिट्टै सूचीबद्ध गरिँदै

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, फाल्गुन १४ गते ।*




कृषि तथा पशुपक्षी विकास मन्त्रालयले देशभर सूचीकरण हुन बाँकी करिब १७ लाख किसानलाई छिट्टै सूचीबद्ध गर्ने भएको छ । स्थानीय तथा क्षेत्रीय स्तरमा कर्मचारी व्यवस्थापन, राजनीतिक उतारचढावलगायत केही प्राविधिक कारणले सूचीबद्ध गर्न ढिला भएकाले १७ लाख ३७ हजार किसान सूचीबद्ध गर्न बाँकी थिए । हालसम्म २३ लाख ९३ हजार किसान सूचीमा समावेश गरिसकेको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । बाँकी किसानलाई छिट्टै गणनामा समावेश गरी विद्युतीय सूचना प्रणालीमा जोड्ने तयारी भइरहेको जनाइएको छ ।

उक्त प्रणालीमा जोडिएका किसानलाई परिचयपत्र वितरण गरेर त्यसका आधारमा उनीहरूलाई विभिन्न सेवा सुविधासहित अनुदान उपलब्ध गराउने योजना छ । जसमा रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापन, सुविधासहित आवश्यक सहायता

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री